# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३३ ❖ २०८२ चैत ४ गते बुधबार ❖ Wednesday, 18 March, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### अपराध गतिविधि नियन्त्रणमा प्रहरीको सफलता

## हनि ट्र्यापको आरोपमा दुई जना पक्राउ

भरतपुर। हनि ट्र्यापमा संलग्न रहेको आरोपमा चितवनमा दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा




कालिका नगरपालिका-७ नमुना टोल बस्ने १८ वर्षीय एनी तामाङ (फेसबुक नाम) र सोही ठाउँका २५ वर्षीय विजय सुनार रहेका छन्।

जिल्ला प्रहरी कार्यालय चितवनका डिएसपी रवीन्द्र खनालका अनुसार भरतपुर महानगरपालिका-३ बस्ने ४९ वर्षीय पुरुषलाई उनीहरूले हनि ट्र्यापमा पार्ने कोसिस गरेका थिए।

प्रहरीका अनुसार ती पुरुषको एनीसँग सामाजिक सञ्जालमार्फत चिनजान भएको थियो। एनीले २५ वर्ष उमेर बताएकी थिइन्। फेसबुकको चिनजानपछि फोनमा समेत कुराकानी हुँदै आएको प्रहरी अनुसन्धानबाट खुलेको छ।

उनै एनीले ती पुरुषलाई जुटपानीको मिठुचोकबाट गुम्बा जाने भित्री बाटोमा भेट्न बोलाएपछि उनी गएका थिए।

उक्त स्थानमा भेट्न जाँदा योजनाबद्ध तवरले अन्य मानिसलाई बोलाई पीडितलाई कुटपिट गरी उनको साथमा रहेको स्कुटर लुटपाट गरी फरार भएका थिए।

ती पुरुषले आफ्नो स्कुटर फिर्ता माग्दा रकम माग गर्ने, रकम नदिए जबर्जस्ती करणी कसुरमा मुद्दा हाली फसाइदिने भनी धाकधम्की दिइरहेको जिल्ला प्रहरी कार्यालयमा निवेदन परेको थियो। त्यसक्रममा एनी र विजयलाई आइतबार भरतपुर महानगरपालिका-१०, वीरेन्द्र क्याम्पस चोकबाट नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको डिएसपी खनालले जानकारी दिए।

## २९ उमेदवारले मात्र बुझाए चुनावी खर्च

### प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२

भरतपुर। चितवनका तीनवटा क्षेत्रका ६४ उमेदवारमध्ये २९ उमेदवारले निर्वाचन खर्च विवरण बुझाएका छन्। हरेक उमेदवारले निर्वाचन परिणाम आएको ३० दिनभित्रमा निर्वाचन खर्च विवरण आयोगमा अनिवार्य बुझाउनुपर्ने नियम छ।

निर्वाचनमा प्रचारप्रसारलगायत विभिन्न कार्यक्रममा भएका खर्च विवरण उमेदवारले बुझाएका हुन्। अब चितवनका ३५ उमेदवारको मात्र खर्च विवरण आउन बाँकी रहेको निर्वाचन कार्यालयले जनाएको छ।

चितवन क्षेत्र नं १ मा १२ जना उमेदवारले आफ्नो चुनावी खर्च विवरण बुझाएका छन्। क्षेत्र नं २ मा आठ जना र क्षेत्र नं ३ मा ९ जना उमेदवारले खर्च विवरण बुझाएका हुन्। निर्वाचन कार्यालयका सूचना अधिकारी नेत्रराज श्रेष्ठले फागुन २६ गतेदेखि उमेदवारको खर्च विवरण आउन सुरू भएको हो।

निर्वाचन आयोगका अनुसार चितवनका उमेदवारले बढीमा ३१ लाख रूपैयाँसम्म खर्च गर्न पाएका थिए। त्यसभन्दामाथि खर्च गरेमा निर्वाचन आचारसंहिता लाग्ने र कानुनबमोजिम कारबाही हुने आयोगको भनाइ थियो, जसका कारण उमेदवारको आयोगमा बुझाउने खर्च विवरण तोकिएको रकमभन्दा माथि छैन।

मुख्य निर्वाचन अधिकृत केदारनाथ पौडेलका अनुसार चितवन क्षेत्र नं १ का उमेदवारले ३१




लाखसम्म चुनावमा खर्च गर्न पाएका थिए। क्षेत्र नं २ का उमेदवारले २९ लाख र चितवन क्षेत्र नं ३ का उमेदवारले ३१ लाख रूपैयाँसम्म चुनावमा खर्च गर्न पाएका थिए।

उमेदवारले चुनावी खर्च बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्ने प्रावधान रहेको थियो। उमेदवारले बढी खर्च गरेर कम विवरण बुझाएको उजुरी परेमा, आयोगलाई शंका लागेमा उसले अनुसन्धान गर्न सक्ने निर्वाचन कार्यालय प्रमुख कार्कीले बताए।

निर्वाचन कार्यालय भरतपुरका प्रमुख भीमसेन कार्कीका अनुसार चितवनका उमेदवारहरुले प्रतिनिधि पठाएर आफ्नो चुनावी खर्च विवरण बुझाएका हुन्। निर्वाचन परिणाम आएको एक हप्ताभित्रैमा २९ उमेदवारले खर्च विवरण बुझाएको उनले बताए। उनका अनुसार समयसीमा अझै बाँकी रहेकाले अन्य उमेदवारले पनि खर्च विरण बुझाउने छन्।

फागुन २१ गते सम्पन्न भएको

## दुई संगठनको चौबिसकोठीमा विरोध प्रदर्शन

भरतपुर। सुर्खेतकी १६ वर्षीया इनिशा विकको जबर्जस्ती करणीपछि हत्या गरिएको भन्दै चितवनमा विरोध प्रदर्शन गरिएको छ। वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीनिकट जात व्यवस्था उन्मूलन मोर्चा नेपाल र वैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठन नेपाल चितवनको संयुक्त आयोजनामा बिहीबार भरतपुरको चौबीसकोठी चोकमा विभिन्न नारा लेखिएका प्ले कार्डसहित विरोध प्रदर्शन गरिएको हो।

समाजमा असाध्यै जघन्य र क्रूर यातनासहित इनिशाको हत्या गरिएको भन्दै दोषीमाथि हदैसम्मको कारबाहीको माग गर्दै प्रदर्शन सेक्रेटरी सतिसालले बताए।




इनिशा विक हत्या प्रकरण

गरिएको पार्टीका चितवन जिल्ला 'सुर्खेतमा भएको घटनाबाट नेपालमा आपराधिक गतिविधि गर्नेको सङ्ख्या कम नभएको पुष्टि हुन्छ', उनले भने, 'यस्ता घटनामा संलग्न व्यक्ति या समूहलाई कानुनी दायरामा नल्याएसम्म घटना दोहोरिरहने जोखिम पनि उत्तिकै छ।'

अब बन्दै गरेको नयाँ सरकारले सबैभन्दा पहिला इनिशा मृत्युको घटनामाथि टेकेर नयाँ कानुन बनाउन आवश्यक रहेको उनले सुझाव दिए। 'दुईतिहाइको यो सरकारले कडा कानुन बनाओस्, जसबाट कुनै पनि आपराधिक घटनामा संलग्न व्यक्तिले उन्मुक्ति नपाओस्।'

*(बाँकी ५ पेजमा)*

## शैक्षिक परामर्श केन्द्रलाई कडाइ गरिँदै

### अनुमति नलिएकालाई बन्द गर्न प्रशासनको निर्देशन

भरतपुर। जिल्ला प्रशासन कार्यालय चितवनले अनुमति नलिई सञ्चालनमा ल्याइएका शैक्षिक परामर्श केन्द्र तथा वैदेशिक सेवा प्रदायक संस्थालाई १५ दिनभित्र बन्द गर्न निर्देशन दिएको छ।

कार्यालयले एक सूचना जारी गर्दै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त संस्थाबाट स्वीकृत/इजाजतपत्र नलिइ सञ्चालित शैक्षिक परामर्श केन्द्र र वैदेशिक रोजगार सेवा प्रदायक संस्था बन्द गराउन वा नवीकरण गर्न निर्देशन दिएको हो।

सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माद्वारा जारी सूचनामा यस्ता केन्द्र र संस्थाहरुले नियमितरूपमा कार्यालय सञ्चालन गर्ने गरेको 'भिसा प्रोसेसिङ', रोजगार प्रत्याभूतजस्ता झुटा आश्वासन दिने गरेको पाइएकाले त्यस्ता संस्था कानुन अनुसार सञ्चालन हुन भनिएको छ। यो सूचनालाई अटेर गरी बसे प्रचलित कानुन बमोजिम कारबाही हुने उल्लेख छ।


"तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो"

तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.

Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.

मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर

कुनै पनि किसिमको घर तथा ब्यबसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आबश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौ।

मुख्य कार्यालय मो. : ९८६५०४२९५६, ९८४५९२७८८१

शाखा कार्यालय मो. : ९८४३९१४०३१

तामाङ छिटोछरितो निर्माण सेवा प्राली

TikTok



**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।**

- ❖ खानेपानीका स्रोतको संरक्षण गरौं।
- ❖ पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं।
- ❖ धारा खुला छोड्ने बानी त्यागौं।
- ❖ उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं।
- ❖ नदी, ताल, पोखरीको संरक्षण गरौं।
- ❖ प्लाष्टिकजन्य पदार्थको प्रयोग घटाऔं।
- ❖ जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं।
- ❖ पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# सुशासनको मार्गचित्र जरूरी

नेपालको लोकतान्त्रिक यात्राले फेरि एक निर्णायक मोड लिएको छ। निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ को अन्तिम प्रतिवेदन चैतको पहिलो साताभित्र राष्ट्रपतिसमक्ष बुझाउने तयारी गरिरहेको छ। संविधानको प्रावधानअनुसार त्यसपछि संघीय संसद्को अधिवेशन आह्वान् हुनेछ र नयाँ सरकार गठनको प्रक्रिया औपचारिकरूपमा सुरू हुनेछ। यसपटक जनताले स्पष्ट बहुमत दिएको सन्दर्भमा सरकार गठन एउटा औपचारिकता मात्र नभई सुशासनको मार्गचित्र कोर्ने ऐतिहासिक अवसर पनि हो। गणतन्त्र स्थापनायता नेपालले स्थिर सरकार देख्न सकेको छैन। विगत १७ वर्षमा १५ पटक सरकार परिवर्तन हुनु अस्थिरताको प्रत्यक्ष प्रमाण हो। यसले नीति निरन्तरता र प्रशासनिक दक्षता दुवैलाई कमजोर बनाएको छ। तर, अहिलेको परिस्थितिले नयाँ आशा जगाएको छ। यदि नयाँ सरकारले आन्तरिक एकता कायम राख्दै पाँच वर्षसम्म स्थायित्व दिन सक्यो भने यो लोकतान्त्रिक अभ्यासको महत्त्वपूर्ण उपलब्धि हुनेछ।

जनताले दिएको करिब दुई तिहाइको समर्थन केवल मतपत्रमा अंकित संख्या होइन, पुराना शक्तिप्रति आक्रोश र नयाँ नेतृत्वप्रति आशाको मिश्रण हो। त्यसैले यो विश्वासलाई परिणाममा रूपान्तरण गर्नु सरकारको पहिलो जिम्मेवारी हो। नयाँ सरकारको पहिलो दिनदेखि नै जनताले देख्ने सुधारको सङ्केत आवश्यक छ। योग्य मन्त्रीहरुसहितको मन्त्रिपरिषद् गठन, भ्रष्टाचार नियन्त्रणका ठोस कदम, सार्वजनिक सेवामा सहज पहुँच र प्रशासनिक सुधार प्राथमिकतामा पर्नुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगार र पूर्वाधारजस्ता संवेदनशील क्षेत्रमा पहिलो सय दिनमै नतिजामुखी काम सुरू गर्न सकियो भने जनतामा जागेको आशा विश्वासमा परिणत हुनेछ। नागरिकले देश निर्माणको क्रम अघि बढिरहेको छ भन्ने अनुभूति गर्न पाएमात्र सरकारको योजना प्रभावकारी हुनेछ।

यस्तै, दीर्घकालीन दृष्टिले आर्थिक वृद्धि, रोजगारी सिर्जना, औद्योगिक विकास र कृषि आधुनिकीकरणमा केन्द्रित रणनीतिक योजना आवश्यक छ। पाँच वर्षभित्र सुशासन, सामाजिक न्याय र समृद्धि सुनिश्चित गर्ने लक्ष्यमा सरकारले स्पष्ट मार्गचित्र प्रस्तुत गर्नुपर्छ। विगतको अस्थिरता अन्त्य गर्दै स्थायित्व र परिणाममुखी शासनको अभ्यास गर्न सकियो भने गणतन्त्रको मूल्य जनताले प्रत्यक्ष अनुभव गर्नेछन्। यसरी हेर्दा, अहिलेको सरकार गठन केवल सत्ता हस्तान्तरण होइन, लोकतन्त्रलाई स्थायित्व र जनतामा विश्वास दिलाउने ऐतिहासिक अवसर पनि हो। पहिलो दिनदेखि स्पष्ट नीति, सय दिनमा प्राथमिक सुधार, एक वर्षमा दीर्घकालीन रणनीति र पाँच वर्षमा स्थायित्व र समृद्धि नै सुशासनको मार्गचित्र हो, जसले नेपाललाई नयाँ युगतर्फ डोऱ्याउने छ।

# के बालेन विद्वान हुन् ?



विचार

- भीषण न्यौपाने



यो प्रश्न बालेन शाहलाई लक्षित देखिए पनि भित्रभित्रै यसले हाम्रो राजनीतिक चेतको रिपोर्ट कार्ड मागेको छ। हामीले आजसम्म विद्वान कसलाई भन्यौँ ?

जो संसदमा ठुला स्वरले घण्टौं बोल्छ–विद्वान।

जो भाषणमा अंग्रेजी र हल्का फुल्का संस्कृत मिसाउँछ–विद्वान।

जो देश सुधार्ने योजना सुनाउँछ, तर पार्टी सुधार्न 'अर्को दशक' लगाउँछ–विद्वान।

जो आफैं भ्रष्टचार गर्छ र आफैं "छानबिन समिति" बनाउँछ – उ झन् ठूलो विद्वान।

यदि यही विद्वत्ता हो भने नेपाल त विद्वानले भरिएको देश हो। यहाँ हरेक सरकार विद्वान थियो, हरेक मन्त्री अनुभवी थियो, हरेक भ्रष्टाचार "प्रक्रियागत कमजोरी" मात्र थियो। यि विद्वानहरुले चलाएको देश कस्तो थियो भनेर खासै दिमाग घुमाउनु पर्दैन।

देशको आधा युवा विदेश।

सार्वजनिक जमिन निजी।

भ्रष्टाचार काण्ड नियमित।

र हरेक काण्डपछि उस्तै विद्वान अनुहार, भाषण उही, "दोषिलाई कारबाही गर्छौं।" बिचरा दोषि नै उ आफु छ, कस्लाई गरोस् कारबाही ?

यदि यही विद्वत्ता हो भने बालेन किन चाहियो ?

बालेन आएपछि काठमाडौंमा चमत्कार भए? हैन। सबै समस्याहरू हल भए? होइन। तर एउटा अनौठो कुरा भयो– नियम लागू हुन थाल्यो। फुटपाथ फुटपाथ जस्तै देखिन थाल्यो। नदी नदी जस्तै बग्न थाल्यो। र कार्यालय कार्यालय जस्तै देखिन थाल्यो।

यो देखेर धेरै विद्वानको मन दुखेको हुनुपर्छ।

जब पहिलेका विद्वानले काठमान्डौका फुटपाथ कब्जा गराए, त्यो विकास भयो। जब बालेनले फुटपाथ खाली गराए,त्यो गरिबमाथि अत्याचार भयो। यही हो हाम्रो विद्वत्ताको मापदण्ड। किनकि यहाँ नियम गलतले तोड्दा विकास हुन्छ, ठीकले लागू गर्दा अत्याचार।

अहिले केहि हुल विद्वानहरु खित्का छाडेर हाँस्दै छन्,

"मेयरबाट प्रधानमन्त्री?"

"अनुभव छैन!"

"कूटनीति थाहा छैन!"

"बोल्ने ढङ छैन!"

तर एउटा सानो तथ्य सम्झौं –

अनुभव भएका प्रधानमन्त्रीहरूले हामीलाई यहाँसम्म ल्याएका हुन्। प्रधानमन्त्री धेरै भए। देश भने उही रह्यो। प्रधानमन्त्री बन्नु बोल्ने ढङ र अनुभवको कुरा होइन। प्रधानमन्त्री बन्नु गलतसँग नझुक्नु हो। आज धेरै मानिस बालेनमा त्यही नझुक्ने स्वभाव देख्छन्। त्यसैले सत्ता डराउँछ, र जनता उसैको चासो राख्छ।

अहिले केही पुराना इन्क्टेलेक्चुअल भनिएका लेखक, कलाकार, पत्रकार, बुद्धिजीवीहरू "कता मोडिँदै छ देश ?" भनेर बालेन समर्थकलाई गिज्याइरहेका छन्। तर सत्य के हो भने, उनिहरुको यो चिन्ता धेरैलाई निष्पक्ष भन्दा पार्टी-निकटता जस्तो देखिन्छ। उनिहरू वर्षौंसम्म उही सत्ताको वरिपरि बसेर, पुरस्कार/पहिचान/मञ्चको स्वाद लिएर, देश बिग्रिँदा पनि "सन्तुलित टिप्पणी" को नाममा मौन रहे; अहिले जनता नयाँ विकल्प खोज्न थालेपछि अचानक "लोकतन्त्र खतरा" को प्रवचन सुरु भएको छ। डर पनि स्वाभाविक हो–किनकि सत्ता परिवर्तन पछि केवल मन्त्रीहरू होइन, सत्ता वरिपरि बनाइएको उनिहरूको सुप्रिमेसी र पहुँच पनि हल्लिन्छ। त्यसैले उनिहरुलाई बालेन वा उनका समर्थक होइन, पुरानो संरचना जोगाउनुपर्नेबाध्यता बढी देखिन्छ। यदि उनिहरू साँच्चै निष्पक्ष हुन्थे भने, प्रश्न "कता मोडिँदै छ देश?" होइन–"नेपाललाई यहाँसम्म कसले ल्यायो?" बाट सुरु गर्थे।

पछिल्ला केहि दिनहरुमा नेपालमा पुराना पार्टिले देशको धुमधाम बिकास गरेका छन्, बालेन लुसिफर प्रबृतिका मानिसहरुले सामाजिक संजालमा धेरै फ्रस्टेसन्, आवेग र असन्तुष्टी पोखेका मात्रै हुन् भनेको पनि पढ्न/ सुन्न पाईयो। यो विश्व बैंककै डेटा हेरौं।

नेपालको जिडिपी पर क्यापिटा (देशको कुल उत्पादन लाई जनसंख्याले भाग गर्दा आउने, औसतमा एक व्यक्तिको हिस्सामा पर्ने आर्थिक मूल्य ) १९९० मा करिब ४१८६ थियो भने , २०२४ मा ४१,४४७ पुगेको छ।

बंगलादेशको जीडीपी पर क्यापिटा १९९० मा ४२८३ थियो भने , २०२४ मा ४२,५९३ पुगेको छ।

भियतनामको जीडीपी पर क्यापिटा १९९० मा करिब ४९९ थियो भने , २०२४ मा ४४,७१७ पुगेको छ।

अर्थात् बंगलादेश नेपालभन्दा करिब ७९ % र भियतनाम नेपालभन्दा करिब २२६ % अगाडि छन।

हामीसँगै बिकास सुरु गरेका यि देशहरू धेरै अघि बढे, नेपाल आज पनि उनीहरूभन्दा निकै पछाडि छ, ३० वर्षको विकास भनेर गर्व गर्नु लाजको कुरा हो।

अब बालेन तिर फर्कौं।

बालेन पात्रको उदय नेपालमै सीमित छैन।

अमेरिकाको न्यूयोर्कजस्तो शहरमा पनि जोहरान ममदानीजस्ता नयाँ पात्र आए। पुरानो राजनीतिक खेलाडिहरुले उनलाई दबाउन खोजे। पहिले "अनुभव छैन" भनियो। तर थाकेको शहरले नयाँ भाषा खोजिरहेको थियो।

नेपाल पनि थाकेको देश हो।

अब गगन थापाको कुरा नगरौं भन्ने हो भने लेख अधुरो हुन्छ। गगन योग्य छन्। बोल्न जान्दछन्। सुधार चाहन्छन्। तर पार्टीभित्र सुधार गर्न उनलाई दशक लाग्यो। त्यतिन्जेल जनताको धैर्य सकियो। यही धैर्य सकिएको ठाउँमा

बालेन उभिएका छन्।

भारी मन बनाएर आज लेख्दैछु।

"सरि गगन अंकल 'यु आर लेट'" !

बालेनले जे गर्दा पनि शतप्रतिशत सही हुन्छ भन्ने होइन। उनमा हजारौं कमी कमजोरी छन् होला,

तर फरक के छ भने– उनी काम गर्न खोज्छन्। नियमको आधारमा चल्न खोज्छन्।

उनि मेयर हुँदा फुटपाथ, सार्वजनिक ठाउँ, कर-अनुगमन, विद्यालयको निगरानी जस्ता विषयमा उनले खाली भाषण भन्दा काम देखाउन खोजे। उनले एउटा कुरा सबैलाई देखाइदिए, नेपालमा समस्या 'नियम छैन' भन्ने होइन, 'नियम लागू हुँदैन' भन्ने हो।

अब फेरी विद्वानहरु तिरै फर्कौं।

दशक सत्ता चलाएर आज पनि उही अनुहारहरू फेरि चुनावमा आउँदैछन्

अनि हामीलाई उपदेश दिँदैछन् – "अब हामी सुधार गर्छौं।"

सुधार कहिले ?

अब ?

तीन दशकसम्म उनीहरू अभ्यासमै रहेछन्, अब चाहिँ साँच्चै नै नतिजा दिने रे ! अनि हामीले पत्त्याइदिनुपनी पर्ने !!

तपाईहरु पनि अझै उहि पुरानै विद्वान खोज्दै हुनुहुन्छ भने, केहि काण्डहरु सुनेर दिल खुस गर्नुहोस्।

ललिता निवास जग्गा काण्ड- हाल सर्वोच्च अदालतले मन्त्रिपरिषद् निर्णयमा संलग्नहरूबारे अनुसन्धानको बाटो खोलेको छ। नक्कली भुटानी शरणार्थी काण्ड- पूर्वमन्त्रीठूला दलका नेताहरू नै अभियोगको घेरामा परेका छन्। न्यारो-वाइडबडी (नेपाल एयरलाइन्स) काण्ड- सीआईएएले पूर्वमन्त्रीसहित धेरैमाथि भ्रष्टाचार मुद्दा दायर गरेर अनुसन्धान गर्दैछ।

यति हुँदा पनि, उही दलका उही नेताहरू फेरि चुनावमा किन ?

किनभने उनीहरूलाई लाग्छ –

जनताले बिर्सिन्छन्।

जनता फेरि भावनामा बग्छन्।

नेपाली हुन्, ईमोसनल भैहाल्छन्।

तर अब फेरी हामिलाई ईमोसनल हुने छुट छैन !

अन्त्यमा एउटा सिधा कुरा।

बालेन विद्वान हुन् ?

सायद होइन। तर उनले हामीले पूजा गर्दै आएको झुटो विद्वत्तालाई नाङ्गो बनाइदिएका छन्।

हामीलाई कस्तो नेता चाहिएको हो ?

सबैलाई मिलाएर देश बिगार्ने भाषणका विद्वान ? कि केहीलाई असहज बनाएर नियम लागू गर्ने अविद्वान ?

देशलाई नयाँ 'अडान' चाहिएको बेला, धेरैसँग पुराना 'बहाना' मात्र छ, त्यसैले बालेन आज अगाडी देखिन्छन्।

यो बालेनको महानताको कथा होइन।

यो हाम्रो पुरानो विद्वत्ताको असफलताको कथा हो।

र त्यो स्वीकार्नु परिवर्तनको पहिलो पाइला हो। ईतिश्रीः



# समानुपातिक सांसद् बने दुई स्वास्थ्यकर्मी

नारायणगढ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चितवनका दुई स्वास्थ्यकर्मीलाई समानुपातिक सांसद् बनाएको छ। नर्सिङ पेसा अँगालेर सामाजिक काममा समर्पित भरतपुर महानगरपालिका वडा नं-१, लायन्सचोककी समिना मियाँ र भरतपुर-१०, हाकिमचोककी प्रभा ढकाललाई रास्वपाले समानुपातिक सांसद् बनाएको हो। उनीहरु दुवै रास्वपाको बन्दसूचीको अग्रपंक्तिमा रहेका थिए।



राष्ट्रिय स्वतन्त्र पार्टी चितवनका जिल्ला सभापति कृष्णप्रसाद भुसालका अनुसार ढकाल खस आर्यबाट र समिना मुस्लिम समुदायबाट समानुपातिक सांसद्मा छनोट भएका हुन्। समिना मुस्लिम समुदायबाट रास्वपाको समानुपातिकको बन्दसूचीमा १ नम्बरमा थिइन्।

रास्वपाको समानुपातिकको बन्दसूचीमा चितवन जिल्लाबाट आदिवासी जनजातितर्फ डा. मनोहर प्रधान, मुस्लिम समुदायतर्फ समिना मियाँ र खस आर्यतर्फ प्रभा ढकालको नाम सिफारिस गरिएको थियो। 'चितवनबाट बन्दसूचीमा राखिएको तीन जनामध्ये ढकाल र मियाँ समानुपातिक सांसद्का लागि पार्टीले छनोट गरेको हो', रास्वपा चितवन सभापति भुसालले भने।

उनका अनुसार ढकाल र मियाँले पार्टीमा पुऱ्याएको योगदान, पार्टीभित्र हुने आन्तरिक निर्वाचनको मतपरिणामलगायत विभिन्न विधामा गरिएको मूल्याङ्कनका आधारमा समानुपातिक सांसद्का लागि बन्दसूचीमा नाम सिफारिस गरिएको हो।

मियाँ गृह मन्त्रालयअन्तर्गत रहेको नेपाल हट कमिटीकी निवर्तमान सदस्यसमेत रहेकी छन्। दर्जन बढी सामाजिक संघसंस्थामा आबद्ध रहेकी मियाँले देशको समग्र स्वास्थ्य क्षेत्रलाई अघि बढाउन सङ्कल्प गरेकी छन्।

खस आर्यबाट समानुपातिकको बन्दसूचीमा रहेकी प्रभा ढकाल रास्वपाको चितवन जिल्ला उपसभापति हुन्। उनी पनि राजनीतिमा आउनुअघि नर्स पेसामा आबद्ध थिइन्। 'मैले १३ वर्ष स्वास्थ्यकर्मी भएर जनताको सेवामा योगदान दिएकी छु', ढकालले भनिन्।

# माडी नगरपालिकाको भूमि सात भागमा वर्गीकरण

भरतपुर । चितवनको माडी नगरपालिकाले पालिकाभित्र रहेको जमिनको वर्गीकरण गरेको छ। स्थानीय भू-उपयोग परिषद् माडी नगरपालिकाले यहाँको जमिनलाई ७ भागमा वर्गीकरण गरेको छ।




भूउपयोग ऐन २०७६ र नियमावली २०७९ अनुसार जमिनको वर्गीकरण गरिएको हो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भूषालका अनुसार यहाँ सबैभन्दा धेरै जङ्गल रहेको छ। नगरपालिकामा २१ हजार ८२४ दशमलव ४४ हेक्टर रहेकोमा १२ हजार ९७५ दशमलव ७५ हेक्टर जङ्गलले ओगटेको छ।

यस्तै, ६ हजार ५३५ दशमलव ०७ हेक्टर कृषियोग्य रहेको छ। उनका अनुसार सार्वजनिक जमिन ३१५ दशमलव ५२ हेक्टर, आवासीय जमिन एक हजार ९१८ दशमलव ८७ हेक्टर, व्यावसायिक जमिन ५९ दशमलव ९३ हेक्टर, औद्योगिक क्षेत्र १० दशमलव ०२ हेक्टर र संस्कृतिक जमिन ९ दशमलव ३१ हेक्टर रहेको छ।

जमिन वर्गीकरणको काम सकिएकाले सबै विवरण वडा कार्यालयमा पठाइएको उनले जानकारी दिए। पालिकाले गरेको जग्गाको वर्गीकरणबारे चित्त नबुझे भूउपयोग कार्यान्वयन निर्देशिका २०८१ को खफा २८ को उपदफा २ बमोजिम निवेदन पेस गर्न सूचना जारी गरिएको छ। जग्गा धनीले भूउपयोग वर्गीकरणमा चित्त नबुझाएर निवेदन दिएमा त्यस्ता निवेदनमाथि अध्ययन गरी पुनःविचार गरिने भूषालले बताए।


# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


# स्वास्थ्य/खेलकुद




# यस्ता छन् फर्सीको बियाँ खानुका धेरै फाइदाहरु

फर्सी हामीले दैनिक जीवनमा प्रयोग हुने उपयोगी तरकारी हो। फर्सी हाम्रो स्वास्थ्यका लागि निकै लाभकारी हुन्छ। फर्सीको बियाँ पनि पोषकतत्त्वले भरिपूर्ण हुन्छ। यो नियमित रूपमा खानु निकै राम्रो हुन्छ। पुरुषका लागि त यो झन् बढी उपयोगी मानिन्छ। फर्सीको बियाँका फाइदाहरु निम्न अनुसार छन्।

**फाइदाहरू :**

१. फर्सीको बियाँले पुरुषको यौन स्वास्थ्यलाई राम्रै राखे गर्छ। इन्डियन जर्नल अफ युरोलजी मा प्रकाशित एउटा अध्ययन अनुसार, नियमित रूपमा यो खाने प्रोस्टेटको स्वास्थ्य बिग्रिन पाउँदैन। पुरुषमा प्रोस्टेट ग्रन्थीलाई बलियो पार्न र स्वस्थ हार्मोनको उत्पादन बढाउन यो खानु उपयुक्त मानिन्छ।

२. मारीरमा जिंकको कमी भए पुरुषमा वीर्यको



गुणस्तरमा कमी हुँदै जान्छ र बाँझोपना जस्तो समस्या देखिन सक्छ। फर्सीको बियाँमा जिंक यथेष्ट मात्रामा पाइन्छ। यसलाई दैनिक खानपानमा सामेल गर्दा पुरुषको शुक्रकीटको गुणस्तर सुधिदै जान्छ। यो प्रोस्टेटसम्बन्धी समस्यालाई रोक्नुका साथै पुरुषको प्रजनन क्षमतालाई बढाउनमा समेत सहयोगी हुन्छ। जिंकले रोगप्रतिरोधी क्षमतालाई बलियो बनाउँछ। डिप्रेसन हटाउनसमेत उपयोगी हुन्छ।

३. शरीरमा जिंकको कमी भए पुरुषमा वीर्यको गुणस्तरमा कमी हुँदै जान्छ र बाँझोपना जस्तो समस्या देखिन सक्छ। फर्सीको बियाँमा जिंक यथेष्ट मात्रामा पाइन्छ। यसलाई दैनिक खानपानमा सामेल गर्दा पुरुषको शुक्रकीटको गुणस्तर सुध्रिदै जान्छ। यो प्रोस्टेटसम्बन्धी समस्यालाई रोक्नुका साथै पुरुषको प्रजनन क्षमतालाई बढाउनमा समेत सहयोगी हुन्छ। जिंकले रोगप्रतिरोधी क्षमतालाई बलियो बनाउँछ। डिप्रेसन हटाउन समेत उपयोगी हुन्छ।

४. फर्सीको बियाँमा पाइने म्याग्नेसियम, पोटासियम, जिंकले शरिरलाई स्वस्थ, स्मरण शक्तिको विकास, हाडताई बलियो बनाउन समेत मद्धत गर्छ।

५. फर्सीको बियाँ पनि उत्तिकै फाइदा जनक हुन्छ। यसको बियाँबाट मनग्गे मात्रामा प्रोटिन, भिटामिन, फ्याटि एसिडहरू पाइन्छ। यसले शरिरमा चाहिने पौष्टिक पदार्थको आवश्यकतालाई पुरा गर्न समेत मद्धत गर्छ।

६. फर्सीको बियाँमा पाइने एन्टिअक्सिडेन्ट टेस्टोस्टेरोनको स्तरलाई स्वस्थकर राख्क्षमा सहगोगी हुन्छ।

७. फर्सीको बियाँ स्वस्थ कपालका लागि पनि त्यति नै आवश्यक हुन्छ। यो खाने गरे कपालमा नयाँ कोषिकाको निर्माण हुन्छ, कपाल सम्भावित नोक्सानीबाट जोगिन्छ र जहिल्यै स्वस्थ हुन्छ।

८. फर्सीको बियाँले इन्सुलिनको मात्रा सन्तुलित गर्ने काम गर्छ। यसैले यो मधुमेहका रोगीहरूका लागि धेरै फाइदाजनक मानिन्छ।

९. यसको सेवनले तनाव कम हुन्छ। निद्रा राम्रो ताम्छ। यसमा पाइने एमिनो एसिड ट्रिप्टोफन हुने भएकाले मारीरमा सेरेटोनिनलाई परिवर्तन गरेर गहिरो निद्रा लाग्न सक्छ।

१०. यो मिनरल म्याग्नेसियमको एउटा राम्रो स्रोत हो। यसले गर्दा यसको सेवन मुटुरोगीका लागि निकै लाभदायक मानिन्छ।

११. केही अध्ययनले पुष्टि गरे अनुसार, फर्सीको बियाँमा धेरै मात्रामा एन्टिइफलेमेट्री गुण हुन्छ, जुन पीडा, ज्वरो, सुन्नाइ आदि बनाउन उपयोग हुने औषधि (इडोमेधासिन) जस्तै प्रभावकारी हुन्छ।

१२. नराम्रो कोलेस्ट्रोललाई कम गर्न पनि फर्सीको बियाँ उपयोगी मानिन्छ। स्टेराल्स र फिटोस्टेराल्स तत्त्व हुने भएकाले यो खाँदा शरीरमा कोलेस्ट्रोलको स्तर घटाउने गर्छ।

१३. यसको बियाँको सेवनले तनाव कम हुन्छ र साथै निन्द्रा पनि राम्रो लाग्छ।

१४. यसको बियाँमा स्टेरोल्स र फिस्टोस्टेरोल नामक दुई तत्व पाईन्छ। यी दुवै तत्वहरूको कारणले यो शरीरमा कोलेस्ट्रोलको स्तर कम गर्न मद्दतगार सावित हुन्छ।

१५. फर्सीको बियाँ सेक्स सम्बन्धि रोगहरूलाई हटाउँछ। विशेषगरी फर्सीमा जिंक पाईन्छ र जिंकको कमीले नै मेल सेक्सुअल हार्मोन टेस्टोस्टेरोन कम बन्छ। यस रोगलाई इरेक्टाइल डिसफंक्शन (Erectile Dysfunction) भनिन्छ।

# तुइन खोलाको पहिरोमा 'फ्लड लाइट' जडान

भरतपुर । नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत तुइन खोलाको पहिरोमा 'फ्लड लाइट' जडान गरिएको छ। जसका कारण माथिबाट ढुङ्गा खसेको सहजै देख्न सकिने भएको छ।

सडकमा ढुङ्गा खस्न सक्ने सम्भावना भएकाले रातका समयमा उक्त स्थानमा स्पष्ट देख्न सक्नेगरी दुईवटा फ्लड लाइट जडान गरिएको छ। सडक डिभिजन भरतपुरका सबइन्जिनियर हरिकुमार श्रेष्ठका अनुसार शनिबार उक्त ठाउँमा विद्युत् प्राधिकरणसँगको समन्वयमा दुईवटा फ्लड लाइट जडान गरिएको छ। तुइन खोला क्षेत्रमा पहिरो र ढुङ्गा खस्न सक्ने जोखिमलाई मध्यनजर गर्दै रातको समयमा पनि स्पष्ट देखिनेगरी फ्लड लाइट जडान गरिएको श्रेष्ठले बताए। लाइट जडानपछि पहिरो झरेको र ढङ्गा खसेको सहजै देख्न सकिनेछ। यो सडकखण्डमा 'ओभरटेक' नगरी संयमित भइ यात्रा गर्न चालक एवं यात्रीलाई आग्रहसमेत गरिएको श्रेष्ठले बताए।

शुक्रबार मात्र काठमाडौँबाट काँकडभिट्टा जाँदै गरेको रात्रिबसको क्याबिनमा ढुङ्गा बजारिएको थियो। यद्यपि चालकको होसियारीले दुर्घटना टरेको थियो। तुइन खोलामा गत वर्षायाममा निरन्तर पहिरो जाँदा पटकपटक सडक अवरूद्ध भएको थियो।

# बेमौसमी पानीले तोरीको उत्पादनमा कमी

भरतपुर। चितवन जिल्लामा लगाइएको तोरीको उत्पादन घटेको छ। गत वर्षका तुलनामा यस वर्ष प्रतिहेक्टर उत्पादकत्वमा समेत कमी आएको छ। कृषि विकास कार्यालयका कृषि अर्थविज्ञ निर्मल पौडेलका अनुसार गत वर्ष प्रतिहेक्टर १.३१ मेट्रिक टन उत्पादकत्व रहेकामा यस वर्ष १.०१ मा झरेको छ। गत वर्ष जिल्लामा १८ हजार ५६५ मेट्रिक टन तोरी उत्पादन भएकामा यस वर्ष १४ हजार ३१५ मेट्रिक टन उत्पादन भएको छ।

जिल्लामा १४ हजार १७३ हेक्टर क्षेत्रफलमा तोरीखेती गरिँदै आइएको छ। उहाँका अनुसार तोरी उत्पादनमा कमी आउनु बेमौसमी पानी पर्नु प्रमुख कारण हो। यससँगै किसानले दोस्रोपटक तोरी लगाउनुपर्ने बाध्यता आएको थियो। फूल फुल्ने समयमा हुस्सु लाग्नु र तुसारोका कारण पनि तोरीको उत्पादन घटेको हो।

चितवनलाई तोरी उत्पादनका लागि महत्त्वपूर्ण जिल्लाका रूपमा लिइँदै आएको छ। नगदे बालीमा पछिल्ला वर्षहरूमा किसानको आकर्षण बढेसँगै तोरी लगाउने किसान पनि बढेका हुन्। विशेषगरी जंगली जनावरले तोरीमा क्षति नपुऱ्याउने भएकाले यसतर्फ किसानको आकर्षण बढेको उनको भनाइ छ।

# कार्यसम्पादन र नतिजामा ध्यान दिए अर्थ सुधार

सौराहा। नेपाल सरकारका पूर्वमुख्यसचिव वैकुण्ठ अर्यालले नेपालको आर्थिक विकासका लागि वित्तीय सङ्घीयताको सफलताका लागि सरकारले नेपालको अर्थव्यवस्थामा सुधार ल्याउनका लागि कार्यसम्पादनको स्तर र नतिजामा ध्यान दिनुपर्ने बताएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले सौराहामा आयोजनागरेकोपत्रकारितातालिममा कार्यसम्पादनपछि देखिने नतिजामा सुधार ल्याउने गरी काम गर्नुपर्ने बताएका हुन्।

सरकारले खर्च, समय पालना, कार्यसम्पादनको स्तर र नतिजाबीच तादात्म्य खोज्ने परिपार्टी बसाउँदा आर्थिक सुधारमा थप टेवा पुग्ने विश्वास दिलाए। त्यसबाहेक, अनुगमनलाई पनि बजेट सकाउन र घुम्न जाने विषयमा मात्रै सीमित नबनाई प्रभावकारिता हेरी काम गर्नुपर्ने उनले सुझाव दिए। यस्ता विषयमा आर्थिक क्षेत्रलाई मुख्य विषय मानेर कलम चलाउने पत्रकार हरुले खबरदारी गरिरहन आवश्यक रहेको उनले बताए।

काम गर्ने कर्मचारीहरुमा कार्यक्षमताको विकाससँगै काम गर्ने उत्साह बढाउन सकेमात्रै पनि आर्थिक सुधारमा फड्को मार्न सकिने अर्यालको भनाइ छ। वित्तीय सङ्घीयताको सफलताका लागि सरकारले सम्पादन गर्ने कार्यहरुको स्पष्टता, प्रत्येक तहका सरकारले सम्पादन गर्नुपर्ने कार्यबारे स्पष्टता, कार्यसम्पादनका लागि वित्तीय स्रोतको व्यवस्था र कार्यसम्पादन गर्ने क्षमता बढाउनुपर्ने उनले बताए। त्यसका लागि सबल र भरपर्दो तथ्याङ्क आवश्यक पर्ने हुँदा पत्रकार हरुले पनि त्यस विषयमा ध्यान केन्द्रित गरिदिन आवश्यक रहेको उनले बताए।



सरकारका उपसचिव मञ्जुकुमारी जैसी ढकालले देशको आर्थिक विकास र आर्थिक सुधारमा पत्रकारहरुको दक्षताले ठूलो काम गर्ने बताइन्। आर्थिक विकासमा राजनीतिक व्यवस्था प्रत्यक्ष जोडिएको हुँदा समस्या समाधानका लागि सञ्चार जगत्को खबरदारी आवश्यक पर्ने उनले बताइन्। सुशासन, सामाजिक न्याय र समृद्धिका लागि सोच, लक्ष्य, रणनीति, नीति, कार्यक्रम र योजना चाहिने हुँदा यी विषयमा पत्रकार हरुको कलमले निष्पक्षता देखाउन सक्नुपर्ने उनको सुझाव छ।

सरकारले बजेट बनाउँदा राजनीतिक दलका घोषणापत्रहरुलाई पनि आधार मानेर बनाउने हुँदा ती घोषणापत्रमा उल्लेख भएअनुसारका योजना तथा कार्यक्रम देशका लागि आवश्यक भए पनि धान्न सक्छ कि सक्दैन भन्ने कुरा प्रमुख भएको उनले बताइन्।

सरकारका सहसचिव गोकुल बाँस्तोलाले राजनीतिक दलले देखेको दृष्टि एवम् चुनावी नारालाई व्यवहारमा उतार्न सक्ने क्षमता देशसँग छ कि छैन भन्ने कुरालाई बजेट निर्माणमा ध्यान दिनुपर्ने बताए। मुलुकको नेतृत्वमा राजनीतिक शक्ति हुने हुँदा हरेक वर्ष आउने बजेट अर्थ राजनीतिक दस्तावेज भएको बताउँदै दलहरुले लोकप्रियताका लागिमात्रै घोषणापत्रमा लेखिएका विषयलाई कार्यान्वयनमा ल्याउन सकिन्छ कि सकिँदैन भन्ने विषयमा सोच पुऱ्याउनुपर्ने उनले बताए।

नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष भागवत भट्टराईले राजधानीमा विषयगत पत्रकारिताले स्थान पाए पनि मोफसलमा कम महत्त्व पाउने हुँदा यसपटकको तालिम चितवनमा आयोजना गरिएको जानकारी दिए। समाजको लक्ष्य र योजनाअनुसार देशभरका ६ प्रदेशबाट २४ जना सक्रिय पत्रकारलाई तालिम दिलाएको उनले बताए।

# दुग्ध उत्पादक सहकारी संघद्वारा 'डेरीमार्ट' थप

भरतपुर। चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघले आफ्नो उत्पादनको बिक्री वितरणका लागि डेरीमार्ट थप गर्दै लगेको छ।

पहिलो 'डेरीमार्ट' भरतपुर महानगरपालिका-१० दूरसञ्चार रोडमा सञ्चालनमा ल्याएको संघले दोस्रो शाखा नारायणगढको बेलचोकमा सञ्चालनमा ल्याएको हो। संघका अध्यक्ष किशोर बगालेका अनुसार यो वर्षमा पाँच स्थानमा डेरीमार्ट सञ्चालनमा ल्याउने गरी काम अघि बढाइएको छ। संघले आफैँले उत्पादन गरेका दुग्धजन्य पदार्थ बिक्रीवितरण र बजारीकारणका लागि मार्ट सञ्चालनमा ल्याएको हो।

संघले रत्ननगरमा आफ्नो डेरी उद्योग सञ्चालनमा ल्याएर त्यहाँबाट उत्पादित दूध, दही, घ्यू, पनिरलगायत सामग्री मार्टमार्फत बिक्रीवितरण सुरू गरेको छ। उपभोक्तबाट गुणस्तरीय वस्तु पाइएको भन्दै सकारात्मक सन्देश पाएपछि शाखाहरू थप गर्न लागिएको उनले बताए। जिल्लामा उत्पादित दूधलाई बजारीकरण गर्न र दूधको भूक्तानी नपाउने समस्या समाधान गर्न यो मार्टले महत्त्वपूर्ण भूमिका खेलेको उनको भनाइ छ।

अहिले जिल्लामा रहेका ११५ वटा दुग्ध उत्पादक सहरकारी संघले दूध उत्पादन र बिक्रीवितरण गर्दै आएका छन्। दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको यहाँबाट स्थानीय बजारसहित काठमाडौं, पोखरालगायत ठूला सहरमा दूध पुऱ्याउँदै आइएको छ। यहाँका किसानले रू ५० करोड बराबरको दूधको भुक्तानी पाउन बाँकी छ। समयमा भुक्तानी पाउन नसकेपछि सहकारी आफैँले प्रशोधन गरेर बजारीकरण गर्न थालेको हो।


**विज्ञापन गर्नु परेमा**
सम्पर्क :
९८४५०६७४१४
९८४५२०५९२०

# फिल्म/मनोरञ्जन

## कीर्तिमानी ओपनिङमा "धुरन्धर २"

काठमाडौं। बलिउड अभिनेता रणवीर सिंह अभिनीत फिल्म 'धुरन्धर २'ले भारतीय बक्स अफिसमा नयाँ कीर्तिमान रचेको छ। यो फिल्मले बलिउडको इतिहासमै सबैभन्दा ठूलो ओपनिङको कीर्तिमान बनाएको हो। यसअघि यो रेकर्ड फिल्म 'जवान'को नाममा थियो, जसले ७५ करोडको ओपनिङ गरेको थियो। 'धुरन्धर २'ले भने पहिलो दिन नै एक सय करोडभन्दा बढीको कमाइ गरेको छ।

ट्रेड पोर्टल स्याकनिल्कका अनुसार फिल्मले भारतमा मात्रै १२१ करोड ग्रस कमाएको छ। त्यसबाट फिल्मको नेट कमाइ १०२ करोड हुन आउँछ। फिल्मले हिन्दी भर्सनमा मात्र ९९ करोड भारु कमाएको छ। पेड प्रिभ्यूमा पनि फिल्मले ठूलो कमाइ गरेको थियो। पेड प्रिभ्यू (४३ करोड नेट) र ओपनिङको मिलाउँदा फिल्मको कूल व्यापार १४५ करोड ५५ लाख पुगेको छ।




शुक्रबार पनि फिल्मको व्यापार एक सय करोड हाराहारी हुने अनुमान गरिएको छ। व्यापारिक रफ्तार यही हिसाबको रह्यो भने फिल्मले पहिलो सातामै भारतमा ५ सय करोडभन्दा बढीको कमाइ गर्ने देखिन्छ। र, यो अवधिमा फिल्मको विश्वव्यापी कमाइ ८ सय करोड हाराहारी पुग्न सक्छ। यो फिल्मको अघिल्लो भागले भारतमा ८३६ करोड र विश्वव्यापी १३ सय करोड कमाएको थियो।

'धुरन्धरः द रिभेन्ज'को रनटाइम ३ घण्टा ४९ मिनेट रहेको छ, जसले यसलाई २१औँ शताब्दीको दोस्रो सबैभन्दा लामो बलिउड फिल्म बनाएको छ। यसअघि सन् २००३ मा प्रदर्शन भएको जेपी दत्ताको 'एलओसी कारगिल' ४ घण्टा १५ मिनेटको अवधिसहित सबैभन्दा लामो हिन्दी फिल्म हो। 'धुरन्धर २'को अन्तर्राष्ट्रिय संस्करण भने ३ घण्टा ५५ मिनेट लामो छ।

बदला र ग्याङवारको कथामा आधारित यस फिल्ममा रणवीरसहित अर्जुन रामपाल, सञ्जय दत्त, आर माधवन, सारा अर्जुन लगायतको अभिनय रहेको छ। फिल्मलाई आदित्य धरले लेखन, निर्देशन र निर्माण गरेका हुन्। देशभक्ति र एक्सन-थ्रिलर फिल्मका लागि चिनिएका उनले यसअघि 'उरी' निर्देशन गरेका थिए, जुन व्यावसायिक रुपमा सफल भएको थियो।

## "३६ को आँकडा" चैत २७ मा आउँछ ?

काठमाडौं। हरेक नयाँ वर्षमा फिल्म रिलिजको चाप उच्च हुने गरेको छ। आगामी नयाँ वर्षमा पनि यही अवस्था दोहोरिँदैछ। चैत २७ गतेलाई तीन फिल्म 'राम नाम सत्य', '३६ को आँकडा' र 'डल्लेले इन्ट्री मान्यो'ले प्रदर्शन मिति तय गरेर बसेका छन् भने बैशाख १ गते अर्को फिल्म 'पहाड' रिलिज हुँदैछ। तर, यी चार फिल्ममध्ये '३६ को आँकडा'ले भने अहिलेसम्म प्रचारको सुरसार नै गरेको छैन।

यो फिल्मको छायांकन सकिएर सम्पादन कार्य अन्तिम चरणमा पुगिसकेको छ। तर, प्रदर्शनका लागि अब एक महिना पनि बाँकी नरहेको अवस्थामा निर्माण पक्षले हालसम्म कुनै प्रचार सामग्री सार्वजनिक गरेको छैन। न त कलाकारहरू प्रचारमा सक्रिय छन्। फिल्मकी मुख्य अभिनेत्री रेखा थापा नै यतिबेला आफू निर्देशित नयाँ फिल्म 'माया भनेकै यस्तो होला'को छायांकन गरिरहेकी छन्।




एकातिर फिल्मको प्रचार शून्य हुनु र अर्कोतिर मुख्य कलाकार नै अर्को फिल्ममा व्यस्त भएका कारण '३६ को आँकडा' निर्धारित मितिबाट सर्न लागेको चर्चा चलिरहेको छ। फिल्मका निर्देशक सवीर श्रेष्ठ पनि प्रदर्शन मिति सार्ने मनस्थितिमा देखिएका छन्। चुनावका कारण प्रचार गर्न नपाएको र अब समय कम रहेकाले फिल्मको रिलिजबारे पुनर्विचार गरिरहेको उनले बताए।

उनले फिल्मीखबरसँग भने, 'म फिल्मको रिलिज सार्नुपर्छ भन्नेमै छु। किनकि, चुनावका कारण हामीले प्रचार गर्न नै पाएनौं। अब प्रचार सुरु गर्दा समय एकदमै कम छ। यसैले रिलिज सार्ने विषयमा टिमसँग छलफल गरिरहेको छु। टिमबाट भने रिलिज नसार्न सुझाव आएको छ। तर, मेरो प्रयास चाहिँ रिलिज सार्नेमै हुनेछ। केही दिनमा यसबारे निर्णय लिन्छौं।'

रेखा र सविरले संयुक्त रुपमा निर्माण गरेको यस फिल्ममा रेखासहित निरूता सिंह, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का, निशा अधिकारी लगायतका कलाकारहरूको अभिनय रहेको छ। फिल्ममा रेखा डिएसपीको भूमिकामा छिन्। उनको बहिनीको भूमिकामा पूजाले अभिनय गरेकी छन्। उनीहरूबीचको कटु सम्बन्धलाई फिल्मको मुख्य कथावस्तु बनाइएको छ। - *फिल्मीखबरबाट।*

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# स्थिर सरकार बन्ने भएपछि निजी क्षेत्रलाई राहत


भरतपुर। निरन्तर सरकार परिवर्तन भएर अस्थिरता हुँदा निराश बनेको निजी क्षेत्र अब बन्ने स्थिर सरकारबाट आशावादी बनेको छ। विगत लामो समयदेखि एउटै पार्टीको बहुमत नहुनु र भए पनि बीचमा नै सरकार परिवर्तन हुनुजस्ता समस्याले निजी क्षेत्र हतोत्साहित हुँदै आएको छ।

लगानीको वातावरण बन्न नसक्दा बैङ्कहरुमा निक्षेप (तरलता) थुप्रिएर बसेको छ। बैङ्क व्याज पनि न्यून छ। यद्यपि, लगानी गर्न निजी क्षेत्र सकारात्मक देखिएको छैन। जेनजी आन्दोलनसँगै निर्वाचन सम्पन्न भएर एउटा पार्टीले झन्डै दुईतिहाइ मत पाउँदै गर्दा अब बन्ने सरकार स्थिर हुने र लगानीको वातावरण बन्नेमा निजी क्षेत्र ढुक्क छ।

उद्योग वाणिज्य महासङ्घ चितवनका पूर्वअध्यक्ष राजन गौतम अबका दिन निजी क्षेत्रमैत्री बन्नेमा ढुक्क छन्। उनले भने "स्थिर सरकारको निश्चिततासँगै सेयर बजारले निजी क्षेत्रलाई ढुक्क हुने अवस्था देखाएको छ।"

नीतिगत समस्याहरु समाधान गरेर लगानीको वातावरण सिर्जना गरी रोजगारी सिर्जना गर्नुपर्ने अब बन्ने सरकारको मुख्य दायित्व हुने उनले बताए। उद्योग वाणिज्य महासङ्घ, बागमती प्रदेशका पूर्वउपाध्यक्ष गौतमले भने, "निर्वाचनको बेला युवाहरुलाई आकर्षित गरिएको छ, उनीहरुलाई रोजगारी दिन पनि निजी क्षेत्रमैत्री सरकार बन्नैपर्छ।" लगानीमा सोच्नुपर्ने अवस्थाको अन्त्य हुनेमा उनी विश्वस्त छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सभापति रवि लामिछाने उमेदवार रहेको चितवन क्षेत्र नं २ मा लामिछानेका निर्वाचन प्रमुखसमेत रहेका गौतम रास्वपाले निर्वाचनको बेला जारी गरेको वाचापत्रमा नै निजी क्षेत्रमैत्री नीति लिने उल्लेख गरेको जनाउँदै अब लगानीको वातावरण बन्नेमा ढुक्क छन्।




स्थायी सरकार हुँदै गर्दा प्रत्यक्षरुपमा पर्यटन व्यवसाय फस्टाउने व्यवसायीहरुको तर्क छ। देशमा अशान्ति हुँदै गर्दा भ्रमणमा नजान विभिन्न देशले 'ट्राभल एड्भाइजरी' जारी गर्ने गरेको भन्दै उनले अब त्यस्तो अवस्था नआउनेमा विश्वास व्यक्त गरे। वार्षिक १०-११ लाख पर्यटक नेपाल आउने गरेको भन्दै यो संख्या २० लाख पुऱ्याएर पर्यटनलाई मुख्य स्रोत बनाउनुपर्ने उनको भनाइ छ।

पर्यटन क्षेत्र फस्टाएसँगै देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव हुने भन्दै नीतिगतरुपमा परेका अप्ठ्याराहरु हटाएर सहजीकरण गर्न उनले सुझाव दिए।

उद्योग वाणिज्य महासङ्घका मानार्थ केन्द्रीय सदस्य राजु श्रेष्ठ स्थायी सरकार बन्ने भएसँगै उत्साहित बनेको बताउँछन्। बहुमत पुऱ्याउन नसक्दा विभिन्न दलहरु मिलेर सरकार बन्ने र बीचमै परिवर्तन हुने हुँदा निराश बनेका व्यवसायीहरु अब आशावादी बनेको उनले बताए।

निर्वाचनको परिणाम आएसँगै सेयर बजारमा देखिएको उत्साहले पनि निजी क्षेत्रलाई सकारात्मक सन्देश दिएको उनले बताए। बैङ्कबाट १६ प्रतिशत ब्याजमा ऋण लिएर लगानी गरेका व्यवसायीहरु अहिले ६ प्रतिशतमा झर्दासमेतलगानी गर्न नसकेको अवस्थामा अब बन्ने सरकारले लगानीको वातावरण बनाउने उनी बताउँछन्।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन गरेर आयात घटाउन अरबौं लगानी गरेका औषधि उत्पादकहरु पनि अब बन्ने सरकारबाट आशावादी छन्। नेपाल औषधि उत्पादक सङ्घ (एपोन)का पूर्वअध्यक्ष जीनारायण बहादुर क्षेत्री स्थिर सरकार बनेसँगै लगानीको वातावरण बन्ने बताउँछन्। स्वदेशमा लगानी गर्नेहरुप्रति सरकारले सकारात्मक ढङ्गले हेर्ने वातावरण भएमा लगानी थपिने उनको भनाइ छ।

सुशासन र भ्रष्टाचारमुक्त भएमा लगानीको वातावरण आफैं बन्ने भन्दै केही नीतिगत समस्या भने सम्बोधन गर्नुपर्ने उनले बताए। रास्वपाको झन्डै दुईतिहाइ बहुमत आएको जनाउँदै उनले सङ्गठितरुपमा अघि बढेमा देशमा समृद्धि आउने बताए।

आत्मनिर्भर पेसा अँगालेका नेपालका पोल्ट्री व्यवसायी पनि अब बन्ने सरकारबाट आशावादी छन्। रास्वपाका सभापति रवि लामिछाने गृहमन्त्री हुँदा भारतीय अवैध पोल्ट्रीजन्य पदार्थ रोकिएसँगै लाभान्वित बनेका यहाँका किसानहरु अब बन्ने सरकारबाट आशावादी रहेको बताउँछन्।

नेपाल लेयर्स कुखुरापालक सङ्घका केन्द्रीय अध्यक्ष विनोद पोखरेल स्थिर सरकार बनेसँगै निजी क्षेत्र लाभान्वित हुने बताउँछन्। अवैध आयात नरोकिँदा व्यवसायी धरापमा परेको भन्दै उनले सरकारका गृहमन्त्रीलाई समस्या भन्न नपाउँदै परिवर्तन हुने कारणले विगतमा समस्या झेल्दै आएको बताए। आफूले लगानी गरेको मूल्यसमेत नपाउँदा धेरै किसान विस्थापित भएको भन्दै उनले अबका दिनमा यस्ता समस्या हटेर जानेमा विश्वास व्यक्त गरे।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७<br>४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४<br>४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६<br>४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३<br>५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३<br>५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

## दुई ...

कर्णाली प्रदेशका मुख्यमन्त्रीले समेत घटनालाई सामसुम पार्न खोजेको भन्दै त्यसप्रति पनि वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालले आपत्ति जनाएको छ। पीडित परिवारलाई नै थप पीडा हुने खालको गतिविधि प्रदेश सरकारबाटै हुनु भनेको सरकारको गैरजिम्मेवार व्यवहार भएको उनको भनाइ छ। 'घटनालाई दबाउन पीडित परिवारलाई किशोरीको शव बुझ्न दबाब दिनु गलत हो', उनी भन्छन्, 'सरकारले अन्यायमा परेका व्यक्तिलाई न्याय दिने हो कि उल्टै पीडा दिने हो भन्ने प्रश्न पनि उब्जिएको छ।'

सडकबाट सदनसम्म आवाज पुऱ्याउनका लागि आफूहरु सडकमा उभिएको नयाँ पुस्ताका नेता विकास कामीले बताए। कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको परिवारले अहिलेसम्म न्याय नपाएको भन्दै यस घटनामा पनि राज्यले त्यस्तै व्यवहार गरे देशमा अर्को आन्दोलन हुने उनले चेतावनी दिए। 'यसका लागि कानुन नै कडा बन्नुपर्छ। सरकार गम्भीर भएर कानुन निर्माण गरेर दोषीलाई हदैसम्मको कारबाही गर्न सक्नुपर्छ', उनी भन्छन्, 'अब आउने सरकारले पनि यस्तो गम्भीर विषयमा आलटाल गऱ्यो भने देशमा अर्को चरणको जेनजी आन्दोलन निम्तिन सक्छ।'

कार्यक्रममा इनिशा विकलाई जबर्जस्ती करणी गरेर हत्या गरेका हत्याराविरूद्ध नाराबाजी गरेका थिए। त्यससँगै २०७५ साउन १० गते कञ्चनपुरकी निर्मला पन्तमाथि भएको अपराध राज्यकै संलग्नताले लुकेर बसेको भन्दै त्यस घटनामा संलग्न पीडकले पनि कारबाही भोग्नुपर्ने आवाज उठाएका थिए। पितृसत्तात्मक समाजमा लैङ्गिक हिंसाविरूद्ध हरेक राजनीतिक दल, विभिन्न संघसंस्था, नागरिक समाज तथा सरोकारवालाहरुले समयमै ध्यान दिनुपर्ने आवाजसमेत उठेको थियो।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
Advertisement, Bill / Rasid print, Visiting card
Color Print, Wedding Card, Magzine Design
Computer Type, Pri-ink Nylon Stamp, Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

विगत १ दशकदेखि तपाईहरुको सेवामा समर्पित....
WE DEALS IN :
Computer
Printer
Toner
Cartridge
Printer Ink
Accessories & Many More ...






A Complete IT Solution Point
COMPUTER & PRINTER CARE
Ganesh Market, Shaheedchowk
Email : computerandprintercare71@gmail.com
Cell : 9845110902, 9863842217
Viber : 9845110902




We Believe in Quality
COMPUTER & PRINTER SHOP
Sangam Market, Shaheedchowk
Email : computerandprintershop78@gmail.com
Cell : 9845110902, 9863842217
9855065319

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष:** यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष:** यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन:** यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट:** यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह:** रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या:** यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला:** यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक:** आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु:** यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर:** शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ:** यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन:** यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# ग्यास अभाव हुन थालेपछि विद्युतीय चुलो वितरण

इच्छाकामना। इच्छाकामना गाउँपालिकाले ग्यास अभाव भइरहेको अवस्थामा विद्युतीय चुलो वितरण थालेको छ।

पालिकाले विद्युतीयसँगै सुधारिएको चुलो र गोबरग्यास प्लान्ट पनि निर्माण गर्ने भएको छ। पहिलो चरणमा विद्युतीय चुलो वितरणको काम थालिएको पालिकाले जनाएको छ।

चैत २ गते सोमबारबाट विद्युतीय चुलो बाँडिएको गाउँपालिका अध्यक्ष दानबहादुर गुरूङले जानकारी दिए।

इच्छाकामना वडा नं-५ मा चैत २ गते, वडा नं-४ मा ३ गते, वडा नं-६ मा ४ गते, वडा नं-३ मा चैत ५ गते विद्युतीय चुलो वितरण भएको हो।

सेवाग्राहीले माग गरेअनुसार वितरण गर्न लागिएको हो। विद्युतीय चुलोपछि सुधारिएको चुलो र गोबरग्यास प्लान्ट निर्माणको काम थालिने उनले बताए।

सार्वजनिक सूचना नै जारी गरेर पालिकावासीले आवश्यकताका आधारमा छनोट गरी लिन सकिने व्यवस्था गरिएको अध्यक्ष गुरूङको भनाइ छ।

ग्यास अभावको समाचार आइरहँदा दुःखी बनेका पालिकाका बासिन्दा गाउँपालिकाले वैकल्पिक ऊर्जा वितरण गर्ने भएपछि खुसी भएका छन्।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा चुलो वितरण गर्न लागिएको हो। स्थानीय तहले उपभोक्ताको विवरण सङ्कलन गरेर केन्द्रमा पठाएको र सोहीअनुसार विद्युतीय चुलो प्राप्त भई बाँड्ने तयारी अवस्थामा रहेको अध्यक्ष गुरूङले बताए। इच्छाकामना गाउँपालिका विद्युत्को पूर्ण पहुँचमा पुगेसँगै विद्युतीय चुलोको सान्दर्भिकता बढेको भन्दै पालिकाले पहल थालेको थियो।

७७ प्रतिशत अनुदानमा विद्युतीय चुलो उपभोक्तालाई वितरण गर्न लागिएको हो। ५८ प्रतिशत वैकल्पिक ऊर्जा, २० प्रतिशत पालिका र बाँकी २२ प्रतिशत उपभोक्ताले व्यहोर्ने गरी विद्युतीय चुलो वितरण गर्न लागिएको हो। सुधारिएको चुलामा उपभोक्ताको ५ प्रतिशत, र घरायसी बायोग्यासमा भन्डै १४ प्रतिशत उपभोक्ताले लगानी गर्नुपर्ने हुन्छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले देशभरका १ सय ५० वटा स्थानीय तहसँग समन्वय गरी काम गरिरहेको छ।

# घर भाडामा लिई पुनः आँखा उपचार केन्द्र सञ्चालन

कालिका। कालिका नगर-पालिकामा घरभाडामा लिएर आँखा उपचार केन्द्र पुनः सञ्चालनमा ल्याइएको छ।

नगरपालिकाको वडा नं-६ वडा कार्यालय परिसरमा जेनजी आन्दोलनका कारण आगजनी भएपछि बन्द रहेको उपचार केन्द्र ६ महिनापछि घरभाडामा लिएर सञ्चालन गरिएको हो। नेपाल नेत्रज्योति संघ, भरतपुर आँखा अस्पताल र कालिका नगरपालिकाको सहकार्यमा सञ्चालित उपचार केन्द्रमा तोडफोड र आगजनी हुँदा ३५ लाखबराबरको नोक्सान भएको थियो।

खोलेसिमल बजारनजिक पुनः सञ्चालनमा ल्याइएको उपचार केन्द्रको मेयर विनोद रेग्मीले एक औपचारिक कार्यक्रमका बीच उद्घाटन गरेका छन्। नगरवासीलाई स्वास्थ्यसेवा प्रदान गर्ने उद्देश्यले घरभाडामा लिएर भए पनि उपचार केन्द्रलाई निरन्तरता दिइएको मेयर रेग्मीले जानकारी दिए।

नेत्रज्योति संघका उपसभापति तेजेन्द्रबहादुर खड्काले डेढ वर्षअघि सञ्चालनमा आएको उपचार केन्द्रमा आगजनी र तोडफोड हुँदा उपकरण, औषधि, चस्मा र फर्निचर गरी ३५ लाखबराबरको क्षति भएको बताए।

उक्त उपचार केन्द्रमा एक जना नेत्र सहायक र अर्को एक जना प्राविधिकले आँखाको उपचार गर्नेछन्। नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने कालिका नगरपालिकाको तदारूकताका कारण घरभाडामा लिएर भए पनि उपचार केन्द्र सञ्चालनमा ल्याएको भन्दै उपसभापति खड्काले घरधनीसँग ६ वर्षका लागि सम्झौता गरिएको बताए।

उद्घाटन कार्यक्रममा वडाध्यक्षहरु लक्ष्मण पौडेल, टीकाराम रेग्मी, नेत्रज्योति संघका जिल्ला सभापति जयराम श्रेष्ठ, केन्द्रीय कोषाध्यक्ष चिजकुमार मास्के, निवर्तमान जिल्ला सभापति कृष्णराज धरेल, आँखा अस्पतालका चिफ मेडिकल निर्देशक प्रा.डा. पुष्पा गिरी, अस्पतालका वरिष्ठ प्रशासक अधिकृत दयाशंकर चौधरी, जिन्सी शाखा प्रमुख अर्जुन घिमिरेलगायतको उपस्थिति रहेको थियो।

भिजिटिङ कार्ड, बिल प्याड, लेटरहेड लगायत छपाई सम्बन्धी काम गर्नु परेमा।
सम्पर्क : ९८२७२०१७१४

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
हाम्रा सेवाहरू :
ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।

## डिभिजन वन कार्यालय, चितवनको अनुरोध

- गर्मीयामको सुख्खा मौसममा वन जंगलमा डढेलो लाग्ने संभावना भएकोले यसवाट जनधन, वन, वन्यजन्तु तथा जैविक विविधताको ठुलो क्षति हुन सक्दछ। त्यसैले वन डढेलोवाट बच्न निम्न तरीकाहरु अपनाऔं।
- बस्ती तथा वन जंगलको छेउछाउमा आगो नवालौं।
- चुरोट विंडी खाएर आगो सहितको ठुटा जहाँतहीं नफलौं।
- सामुदायिक वन, कबुलियती वन उपभोक्ता समुहहरुले वनमा भएका पातपतिङ्गर तथा सोत्तरसफा गरी अग्नीरेखा निर्माण गरौं
- वन भोज जाँदा सकेसम्म वन जंगल बाहिर जाने गरौं। वनभोज सकिए पछि आगो राम्ररी निभाऔं।
- नजिकको वन क्षेत्रमा आगलागी भएमा उपभोक्ता, वन कर्मचारी एवं प्रहरी प्रशासनको सहयोगमा निभाऔं।
- वनमा आगो लगाउनु दण्डनिय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारवाही गराऔं।
- सकेसम्म वनमा डढेलो लाग्न नदिऔं, लागी हालेमा सवै मिली तुरुन्त निभाऔं, आफु बच्न वनलाई बचाऔं।
- कोही कसैले जानी जानी राष्ट्रिय वनमा आगो लगाउने अपराध गरे गराएमा बिगो (नोक्सान भएको रुख विरुवाको मुल्य) असुल गरी रु.६००००।- सम्म जरिवाना वा तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

खवरका लागि प्रहरीको फोन नं. १००
डिभिजन वन कार्यालय चितवनको ९८५५०९२२२२
९८५५०५७२१५

डिभिजन वन कार्यालय, चितवन

भरतपुर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

भरतपुर महानगरपालिका
वातावरण तथा विपद व्यवस्थापन महाशाखा

फोन : ९८४६४७५३४१
९८४६८५२९१५
गोरखा फेन्सी
भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

"तपाईको सेवामा, आजै कल गर्नुहोस"



- चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरू नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
- गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
- चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४